annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १५८ पृष्ठ ८ | काठमाडौं, शनिबार १९ असोज २०८१ | आश्विन शुक्लपक्ष तृतीया नेपाल संवत् ११४४ | SATURDAY, OCTOBER 5, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

## स्थानीय सरकारका बेथिति

# विविध शीर्षकको बजेटमा मनपरी, जथाभावी सल्लाहकार नियुक्त

स्थानीय तहमा भ्रष्टाचार र अनियमितताको डरलाग्दो चित्र सार्वजनिक भएको छ। अख्तियारले सार्वजनिक गरेको प्रतिवेदनअनुसार विविध शीर्षकमा रहेको बजेट दलगत/व्यक्तिगत भेला, पिकनिक आदिमा मनपरी खर्च गर्ने, परामर्श शीर्षकमा अनियमित खर्च गर्ने, पटक-पटक एउटै विषयमा डीपीआर तयार पार्ने, डीपीआरबमोजिम संरचना निर्माण नगर्ने प्रवृत्ति देखा परेको छ। यस्तै, एउटै व्यक्ति/फर्मबाट पटक-पटक ड्इङ डिजाइन बनाउन लगाई प्रतिवेदन लिने र भुक्तानी दिने गरेको पाइएको छ। जथाभावी सल्लाहकार नियुक्त गरेर स्रोत साधनमाथि दोहन भइरहेको अख्तियारको प्रतिवेदनमा उल्लेख छ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*


– को रिपोर्ट


### स्थानीय तहका प्रतिवादी

| वडाध्यक्ष | प्रमुख/अध्यक्ष | उपप्रमुख/उपाध्यक्ष | जिसस प्रमुख | अन्य सदस्य |
|---|---|---|---|---|
| ३४ जना | २२ जना | १९ जना | १ जना | १९ जना |

जनप्रतिनिधिसमेतका मुद्दा
३२ वटा




भित्री पृष्ठ



आयुर्दोणसुते श्रियो दशरथे...
- *पृष्ठ ३*



ऋतुअनुसार मनाइने ती चार दसैं
- *पृष्ठ ४*

# क्रसरको लापरबाहीमा दाजुभाइको मृत्यु, लेनदेनमा मिलापत्र

किशोर बुढाथोकी | *विराटनगर*



मोरङको केराबारी गाउँपालिका-८ स्थित कृष्ण क्रसरको खाल्डोमा डुबेर नाबालक दाजुभाइको मृत्यु भएको घटना 'लेनदेन' मा मिलाइएको छ। क्षतिपूर्ति र राहतका नाममा पैसा दिने सर्त राखेर घटना सामसुम पारिएको हो। दोषीलाई कारबाहीको प्रक्रियामा लैजान छाडेर स्थानीय सरकारका प्रमुख, अन्य जनप्रतिनिधिदेखि प्रहरीसम्मले घटना ढाकछोपमा सहयोग गरेका छन्। क्रसर परिसरको खाल्डोमा जमेको पानीमा डुबेर केराबारी-८ का तोयानाथ चौलागाईंका छोराहरू ६ वर्षीय रामचरण र ८ वर्षीय भूपेन चौलागाईंको बिहीबार मृत्यु भएको थियो।

क्रसरको चरम लापर्बाहीले एउटै परिवारका दुई नाबालकले ज्यान गुमाएको गम्भीर एवं पीडादायी तथ्यलाई लुकाएर पैसा दिने सर्तमा घटना मिलाइएको हो। घटनाका विषयमा शुक्रबार केराबारी गाउँपालिका कार्यालयमा सर्वपक्षीय छलफल भएको थियो। छलफलमा गाउँपालिका अध्यक्ष सुमन मिरिङचिङ, उपाध्यक्ष मनमाया मगरलगायतका जनप्रतिनिधि, पीडित पक्ष, क्रसरका सञ्चालक एवं गाउँपालिकाका पूर्वअध्यक्ष रोहित कार्कीसहित क्रसर व्यवसायीका प्रतिनिधि, इलाका प्रहरी कार्यालय बेलबारीका इन्स्पेक्टर कृष्णबहादुर खत्री, इलाका प्रहरी कार्यालय केराबारीका वरिष्ठ सई मानबहादुर जिम्बालगायत उपस्थित थिए।

वडाध्यक्ष कमलकुमार बस्नेतका अनुसार पीडितलाई क्षतिपूर्ति दिने सहमति भएको थियो। 'गाउँपालिकामै सर्वपक्षीय छलफल भयो। आगामी दिनमा क्रसरले त्यस्तो कमजोरी नदोहोर्‍याउने सहमति भएको छ,' उनले भने, 'गाउँपालिकाले पनि कार्यपालिका बैठकबाट निर्णय गरेर मृतकका अभिभावकलाई राहत रकम उपलब्ध गराउने कुरा छ। गाउँपालिकाले क्रसरको अनुगमनमा टोली पठाएर सत्यतथ्य पत्ता लगाउने विषयमा गहन छलफल भयो।'

» बाँकी पृष्ठ ८

## ४० पालिकालाई संकटग्रस्त घोषणा

**काठमाडौं** (अन्नपूर्ण) : सरकारले बाढी, पहिरो र डुबानबाट प्रभावित १४ जिल्लाका स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको शुक्रबारको बैठकले ४० बढी स्थानीय तहलाई विपद् संकटग्रस्त घोषणा गर्न सरकारलाई सिफारिस गरिएको जानकारी दिए। मन्त्रिपरिषद्को साँझ बसेको बैठकले ४० वटालाई संकटग्रस्त घोषणा गरेको हो। प्राधिकरणका सहसचिव बसन्त अधिकारीले भने, 'संकटग्रस्त घोषणाले सरकारले पुनर्निर्माण र पुनर्स्थापनाको काम सहज, सरल र छिटोछरितो गर्न सहज गर्छ।' गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बसेको प्राधिकरणको बैठकले काठमाडौं, ललितपुर, भक्तपुर, पाँचथर, ओखलढुंगा, उदयपुर, धादिङ, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, मकवानपुर र चितवनका गरी विभिन्न ४० पालिका संकटग्रस्त क्षेत्र घोषणा गर्न सिफारिस गरेको थियो।




# चितामा आमा जलिरहिन्, उनीहरू टोलाइरहे

## साल अड्किएर सुत्केरीको मृत्यु

गीता कुँवर | *अछाम*

आमाको चितामा दागबत्ती दिए। अनि, थचक्क बसे। एकले अर्कोको मलिन अनुहार हेरे। दाइले भाइलाई अँगालो हाले। अनि, दाजुभाइले आँसु झारे। त्यसपछि, चुपचाप टोलाइरहे। मलामीमा सन्नाटा छायो। दाजुभाइको त्यो अबोधपना र प्रेम देखेर मलामीका आँखा रसाए।

ढुंगाचाल्नाकी सरिता जैसीले अस्पताल नपुग्दै बाटोमै बच्चा जन्माइन्। साल आएन। अनि, ज्यान गयो। चार छोराछोरी टुहुरा भए। सबैभन्दा जेठी छोरी मनिषा हुन्। दुई छोरा छन्। ९ वर्षका युवराज र ७ वर्षका लक्ष्मण। दाजुभाइले आमा सरिताको चितामा दागबत्ती दिएका थिए। सरिताका पति अपांग छन्। त्यसैकारण, नवजात शिशु र अरू तीन छोराछोरीको स्याहारसुसार र भविष्यलाई लिएर मलामीहरू पनि चिन्तित बने। टुहुरा दाजुभाइलाई सान्त्वना त दिए। तर, टुहुरा बालबालिकाको भविष्य भने अनिश्चित नै छ।



बिहीबार सुत्केरी व्यथा लागेपछि सरितालाई स्ट्रेचरमा बोकेर ढुंगाचाल्ना स्वास्थ्यचौकी लगिएको थियो। एकदेखि डेढ घण्टाको बाटो थियो। स्वास्थ्यचौकी नपुग्दै उनले राति २:४५ बजे बाटोमा नै बच्चा जन्माइन्। नवजात शिशुसहित सरितालाई स्थानीयले राति ३ बजे स्वास्थ्यचौकी पुर्‍याएका थिए। निकै बेरसम्म पनि साल आएन। धेरै नै रक्तस्राव भइरह्यो। 'न साल आयो, न त रक्तस्राव नै रोकियो, स्वास्थचौकीकी अनमी नीराकुमारी साउदले भनिन्, 'त्यसपछि जिल्ला अस्पताल लैजान सुझाव दिएकी थिएँ। तर अस्पताल नपुग्दै ज्यान गएछ।'

साल निकाल्नका लागि आफूले सबै प्रक्रिया गरे पनि सफल नभएको उनले बताइन्। नवजात शिशु भने स्वस्थ छन्। अनमी साउदका अनुसार सरिताको सुत्केरी हुने 'डेट' भदौ २९ गतेको थियो। असोज ७ गतेसम्म व्यथा नलागेपछि सुत्केरी हुन जिल्ला अस्पताल जानुपर्छ भनेकी आफूले सुझाव दिएको साउदले बताइन्। तर, सरिताले योभन्दा पहिलाका सन्तान पनि सुत्केरी हुने मितिभन्दा ढिलै हुने गरेको जवाफ दिएकी थिइन्।

'गर्भवती जाँचका लागि स्वास्थ्यचौकी आउँदा मैले धेरै पटक तपाईंको शरीरमा रगतको कमी छ, कमजोर हुनुहुन्छ, ख्याल गर्नु भनेर सुझाव दिएकी थिएँ,' उनले भनिन्, तर, भौगोलिक विकटता र सवारीसाधन नहुँदा उहाँ अस्पताल जान सक्नु भएनछ।'

» बाँकी पृष्ठ ८